आज मिति २०८१/०४/ ३२ गते बिहान ११:०० बजे यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको ४४ औं बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरि निर्णय पारित गरियो ।

उपस्थिति

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री ज्ञानेन्द्र राज ओली | वडा नं २ अध्यक्ष | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | यम |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्य | |
| १८ | श्री दान बहादुर ऐडी | प्रमुख प्रशासकीय अधिकृत | |
| आमन्त्रित – लक्ष्मी थापा सहयोगी कर्मचारीहरु डा.वो. अध्यक्ष ६ नं. वडा | | | |
| १९ | गौरव कुमार तामिछाने | लेखा अधिकृत | |
| २० | रोशन कुमार ओली | सि. चौथो (जिन्सी) | |

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

बान बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्या नं. ४४ स्थानः गाउँपालिका मिति : २०८१/०४/३२ गते

छलफलका प्रस्तावहरु

१. विशेष अनुदानबाट संचालन हुने विपन्न वर्ग आवास कार्यक्रमको घर संख्या छनोट सम्वन्धमा ।

२. यस कार्यालय र अन्तरगत कार्यरत करार कर्मचारीहरुको करार म्याद थप सम्बन्धमा

३. गत आर्थिक वर्षको वार्षिक कार्यक्रमको समिक्षा सम्बन्धमा ।

४. बिविध विषयहरु

१. नदिजन्य पदार्थको असुल हुन बाँकि रकमको विषय

२. क्रसर उधोगको मौज्जदातको विवरण , जानकारी , जिससमा पठाउने , उधोगको सामग्री बिक्रि फुकुवाको विषयमा

३. गत आवमा भुक्तानी दिन बाकिको विवरणको विषयमा

४. सेक्युरिटिको म्याद थप वा नयाँ ठेक्का लगाउने सम्बन्धी विषयमा

५. पशु सुत्केरी भत्ता (गाई,भैसी) संचालन कार्यविधि २०८१ तर्जुमा सम्बन्धमा ।

६. सङ्घीय सहरीकरण आयोजनाको वडा नं ३ मा एकीकृत पूर्वाधार निर्माण कार्य सम्बन्धमा

७. घ वर्गको इजाजत पत्र प्रदान गर्ने सम्बन्धमा

८. अन्तर तह समन्वय सहकार्य समिति गठन गर्ने सम्बन्धमा

९. उधम विकासको सहजकर्ता नियुक्तिको बिज्ञापनको बिषय

१०. अदालतको फैसला कार्यान्वयन( वडा नं ९ को जग्गा व्यवस्थापन ,वडा नं ४ को जग्गा व्यवस्थापन सम्वन्धि

११. गाउपालिकाको वन ऐन संशोधन सम्बन्धमा

१२. राहत रकम अनुमोदन तथा थप सहयोग सम्बन्धमा

१३. अन्य आवश्यक विषयहरु

कार्यपालिका बैठक २०८१/०४/३२

बान बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८१ साउन ३२ गते बसेको गाउँ कार्यपालिकाको ४४ औं बैठकका निर्णयहरु

निर्णय नं.१.

चालु आर्थिक बर्ष २०८१/०८२ को लागि संघिय विशेष अनुदान अन्तरगत विपन्न वर्ग आवास कार्यक्रम संचालनका लागि २ करोड ८० लाख बजेट बिनियोजन भएको छ । सो सम्वन्धमा यस गाउपालिका अन्तर्गतका बिभिन्न वडाका विपन्न नागरिकको लागि गत आर्थिक वर्षमा घर निर्माण गर्नको लागि सार्वजनिक सुचना प्रकाशन भएकोमा ३८ वटा घरको अनुगमन भइ छनोट भएको छ । चालु आर्थिक वर्षमा उक्त घर समेत गरि विनियोजित बजेटबाट थप १४ घर गरि जम्मा ५२ घर निर्माण गर्नु पर्ने अवस्था छ । उक्त घरहरुको प्रति घर लागत अनुमान ५ लाख ३७ हजार ६ सय ५५ र डिजायन समेत पेश भएको छ । ५२ वटा घर निर्माणको लागि वोलपत्र आहावान गरी काम लगाउदा निर्धारित समयमा काम सम्पन्न नहुने र बजेट समेत फ्रिज हुने ( गत आव सबै बजेट फ्रिज गएको ) हुनाले वडागत पाएक पर्ने गरि सार्वजनिक खरिद ऐनको परिधि भित्र रही दुइ प्याकेज तयार गरि बोलपत्र आह्रान गर्ने र चालु आर्थिक बर्ष भित्र कार्य सम्पन्न गर्ने गरि कार्य प्रक्रिया अघि वढाउन कार्यालयलाई निर्देशन दिने र १४ वटा घरको हकमा ९ वटा सबै वडाको लागि १/१ र बाँकी ५ वटाको घरको हकमा वडा नं ५, ७ र ८ लाई प्राथमिकता दिई छनोट गरि संघिय विशेष अनुदान कार्यविधि, पालिकाको कानुन र सार्वजनिक खरिद ऐन वमोजिम खरिद कार्य गर्ने सर्वसहमतिले निर्णय गरियो ।

वडागत घरको प्याकेज विवरण देहाय अनुसार गर्ने :

| | |
|---|---|
| प्याकेज क) वडा न ३,४,५, ६ र ७ घर संख्या ३१, लागत अनुमान अंक प्रति घर ५ लाख ३७ हजार ६५५ का दरले हुने रु १ करोड ६६ लाख ६७ हजार ३०५ मात्र | प्याकेज ख) वडा नं १, २, ८, र ९ घर संख्या २१, लागत अनुमान अंक प्रति घर ५ लाख ३७ हजार ६५५ का दरले हुने रु १ करोड १२ लाख ९० हजार ७५५ मात्र |

निर्णय नं २.

कर्मचारी प्रशासन शाखाबाट पेश भए अनुसार माधबकुमार डाँगी लगायत उपेन्द्र केसी समेत गरि ८३ जना र स्वास्थ्य शाखाबाट पेश भएको डा. राम शाह देखि कबिता खत्री समेत गरि ६८ जना कर्मचारीहरुको करार म्याद थपको लागि पेश भएको विषयमा वैठकमा व्यापक छलफल भयो । सो सम्बन्धमा संघीय तथा प्रदेश कानुनमा शर्त तोकी करारमा काम गरी रहेकाको हकमा सोहि कानुन र सम्झौताको शर्त वमोजिम र पालिकाको विनियोजित बजेटबाट तलब सुबिधा पाउने सबै कर्मचारीहरुको हकमा २०८१ साउन १ देखि २०८१ पौष मसान्त सम्म करार म्याद थप गर्ने र प्राबिधिक कर्मचारीको हकमा दरबन्दी भन्दा बढी कर्मचारी करारमा भएमा कार्यचाप हेरी पौष मसान्त सम्म म्याद थप गर्ने र प्राविधिक कर्मचारी बढी भइ करार सम्झौता भङ्ग गर्दा सबै भन्दा पछि नियुक्ति भएका चौथो तहमा कार्यरत रहेका पूर्वाधार शाखामा वा अन्तरगत कार्यरत , कार्यसम्पादन कमजोर भएका प्राबिधिक कर्मचारीहरुको म्याद पौष मसान्त पछि थप नगर्ने र पेश भएको वा बिगतमा भुक्तानी पाउदै आएको सेवा सुविधा पाउने गरि करार म्याद थप गरि सम्झौता गर्ने सर्वसहमतिले निर्णय गरियो।यसका साथै केहि वडाहरुबाट करार सेवामा काम गरिरहेका कर्मचारीको हकमा सम्बन्धित वडाबाट फिर्ताको लागि सिफारिस , काम जिम्मेवारी सम्वन्धि गुनासो आएको हुनाले सो को कानुन बमोजिम ब्यबस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं ३.

गत आर्थिक बर्षमा कार्यालयबाट सम्पन भएका बिकासका गतिबिधि, कार्यपालिकाको बैठकका निर्णय कार्यान्वयन विषयमा व्यापक छलफल सहित समिक्षा गरियो । आगामी आवको हकमा बार्षिक विनियोजित बजेट कार्यक्रम र सेवा प्रवाहको सन्दर्भमा वडा कार्यालयले सम्पादन गर्ने कामको हकमा वडा सचिब र सबै शाखाबाट सम्पादन हुने कामको हकमा सम्बन्धित शाखा प्रमुखले भाद्र महिना देखि १०० दिन भित्र के के गर्ने हो ? सो को कार्ययोजना तयार गरि कार्य सम्पादनको खाका पेश सहितको कार्य सम्पदान सम्झौता गर्न र सोहि मुताबिक कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत सबै शाखा प्रमुख र वडा सचिवलाई निर्देशन दिने सर्वसहमतिले निर्णय गरियो ।

दान बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

निर्णय नं ४ .बिबिध बिषयहरु माथि छलफल गर्दा देहायका बिषयहरुको देहाय अनुसार हुने गरि कार्य प्रक्रिया गर्ने सर्वसहमतिले निर्णय पारित गरियो ।

१. गत आवमा यस गाउँपालिकाबाट नदिजन्य पदार्थको बिक्रिको लागि चुर कन्ट्रक्सन संग भएको राजश्व असुलीको सन्दर्भमा ब्यापक छलफल गरियो । सो सम्बन्धमा चुर कन्ट्रक्सन प्रालिले रु.७ करोड ६८ लाख ११ हजार ४२२ भ्याट बाहेक कबोल गरि सम्झौता गरे अनुसार हाल सम्म ६ करोड ७ हजार ५६४ भ्याट बाहेक दाखिला गरेको छ । अब ९८ लाख तिन हजार ८५८ रुपैया भ्याट बाहेक बुझाउन बाँकी देखिएको छ ।राजश्व बुझाउनु पर्नेको हकमा पनि चेक दिएको छ । बैंकमा तीनपटक चेक साट्न खोज्दा चेक साटिएको पनि छैन ।यस बिषयमा समय समयमा ताकेता पनि गरिएको छ ।बाँकी रहेको रकम जम्मा गर्न पुनः ताकेता गर्ने र अर्को कार्यपालिकाको बैठकमा पेश गरि छलफल गर्ने निर्णय गरियो ।

२. जिल्ला समन्वय समितिबाट गाउपालिका भित्र रहेका क्रसर उधोगहरुमा रहेको नदिजन्य पदार्थको मौज्दातको विवरण माग भए अनुसार गाउपालिका अध्यक्ष ज्युको निर्देशन अनुसार गाउपालिकाको उपाध्यक्ष श्री निपासिंह थारु ज्युको संयोजकत्वमा वडा नं ८ का अध्यक्ष शालिकराम डाँगी, सम्वन्धित वडाका वडाअध्यक्ष सदस्य , सम्बन्धित क्षेत्रका प्रहरी प्रतिनिधि र यस गाउपालिकामा कार्यरत कर्मचारी इन्जिनियर यथेस्ट पुन मगर, सुचना प्रविधि अधिकृत जनार्दन पौडेल , सव-इन्जिनियर दिपक केसी ,युवराज वस्नेत र खानेपानी सहायक टेक्निसियन दुर्गा केसी सदस्य -सचिव रहेको अनुगमन तथा प्रतिवेदन समितिको गठन र सो समितिबाट पेश भएको प्रतिवेदन सम्वन्धमा यो बैठकमा जानकारी सहित अनुमोदन गरियो । मौज्दातको लागि निवेदन सहित पेश भएका सम्बन्धित क्रसर उधोगको बिल भर्पाइ र समितिको नापजाँच प्रतिवेदन देहाय अनुसार देखियो ।

| क्रसर उधोगको नाम | गत आल्या घनफिट | यस आवमा खरिद गरेको घनफिट | जम्मा घनफिट | अनुगमन समितिले पेश गरेको परिमाण घनफिट | बिक्रि घन फिट | बाँकी घनफिट | फरक घन फिट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| राप्ति बालुवा प्रसोधन उधोग वडा नं २ | | २०३१८८९ | २०३१८८९ | २७०९११६ | ०० | २०३१८८९ | ६७७२२७ | ६७६१०५घनफिट ढुगा नित्र फर्मको नभएको भनि निवेदन प्राप्त भएको |
| राप्तिसोनारी प्रोसेसिंङ्ग प्रालि वडा २ | ४७९५२४७ | २६१८४१६ | ७४१३६६३ | ४८२८१३४ | २५८५६५९ | ४८२८००४ | १३० | |
| स्वर्गद्वारी प्रोसेसिंग पारली वडानं ६ | ५९९०८५३ | २२३६१५९ | ८२२७०१२ | ४६३९५३२ | ३५९६५१२ | ४६३०५०० | ९०३२ | |
| राप्ती गणेश बालुवा प्रसोधन उधोग वडा नं २ | २४८१३९९ | २५१०४५७ | ४९९१८५६ | २३९७१७० | २६३१२१२ | २३६०६४४ | ३६५२६ | |
| नवदुर्गा प्रोसेसिंग प्रालि वडा न ८ | ०० | २२०९१४३.५१ | २२०९१४३.५१ | २२१७२४९.२२ | १९२६२.८ | २१८९८८०.६३ | २७३६८.५९ | |
| भाग्य लक्ष्मी एग्रिगेट प्रालि वडा नं २ | १६०५९९८ | २९२२५१६ | ४५२८५१३.७८ | २२००५१९.४४ | २३२७९९४.७८ | २२००५१९ | ०.४४ | |

माथि उल्लेख भएका क्रसर उधोगहरुको मौज्दात परिमाणमा बढी भएको नदिजन्य पदार्थको राजस्व लिने, ब्यवसायीबाट पेश भएको मौज्दातको सबै बिवरण जिल्ला समन्वय समितिमा पठाउने र यस कार्यालयको पुर्व सूचना अनुसार निकासी बन्द गरिएका उधोगहरुलाइ बिक्रि गर्न रोक्का फुकुवा गर्ने ,कागजात पेश नभएका उधोगहरुको हकमा फुकुवा नगर्ने र सो को जानकारी सम्बन्धित निकाय जिल्ला समन्वय, जिल्ला प्रशासन , जिल्ला प्रहरी, आन्तरिक राजस्व, राजस्व अनुसन्धान कार्यालयमा पठाउने र पेश नगरेका ब्यवसायीले पेश गरेपछि नियमानुसार फुकुवा गर्ने। अनुगमन समितिले नापजाँच गरेका तर कुनै ब्यवसायीको स्वामित्व नखुलेकाको हकमा दाबी सहितको कागजात पेश गर्न सार्वजनिक सूचना जारी गर्ने, दाबि गर्न आउने ब्यवसायीबाट नियमानुसार जरिवाना/राजस्व लिई अनुमति दिने निर्णय गरियो।

३.कार्यालयाबाट पेश भए अनुसारको गत आवमा भुक्तानी दिन बाँकी र वजेटमा समावेश भएका बिभिन्न आयोजना र कार्यक्रमहरुको भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरि भुक्तानी दिने ब्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

४. हाल सम्म यस गाउपालिकामा सुरक्षाको लागि परामर्श सेवा दिईदै आएको माता बागेश्वरी सेक्युरिटी कम्पनीले म्याद थपको लागि निबेदन दिएको र सेवाको सन्दर्भमा पनि ब्यापक छलफल गरियो| हाल सम्म प्रदान गरेको सेवा सन्तोषजनक नै देखिएकोले गत आर्थिक बर्षमा प्रदान गरिदै आएको रकम सरह हुने गरि कमजोरी भए सुधार गर्न निर्देशन दिने गरि पौष मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय गरियो|

५.पशु सेवा शाखाको बार्षिक स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम संचालन गर्न पशु सुत्केरी भत्ता ( गाई, भैसी ) अनुदान संचालन कार्य बिधि २०८१ तर्जुमा गर्न बिधान समितिलाई सहमिति दिने निर्णय गरियो ।

६.संघिय आयोजना कार्यन्वयन इकाई नेपालगन्ज बाँकेको चालु आव २०८१/०८२ मा यस गाउपालिकाको वडा नं ३ को घनाबस्तीमा एकीकृत पूर्वाधार बिकास निर्माणको लागि १ करोड बजेट विनियोजन भएको विषयमा यो बैठकमा जानकारी भयो |उक्त काम निर्धारित समयमा संचालन गर्न समन्वयकारी भूमिका निर्वाह गर्न वडा नं ३ का वडा अध्यक्षलाइ निर्देशन दिने निर्णय गरियो|

७. रासिसोनारी गाउपालिकाको घ बर्गको इजाजत प्रदान गर्ने कार्यविधि २०८० बमोजिमको सिफारिस समितिवाट इजाजत पत्र उपलब्ध गराउनको लागि देहायका व्यक्तिको नाम, ठेगाना र फर्मको नाम कायम हुने गरि सिफारिस प्राप्त भएकोले घ बर्गको इजाजतको अनुमति दिने निर्णय गरियो|

| सि. नं | प्रोप्राइटराको नाम | ठेगाना | कन्ट्रक्सनको नाम |
|---|---|---|---|
| १ | श्री प्रमोद भण्डारी | रासिसोनारी गाउपालिका- ५, बाँके | सामुयल निर्माण सेवा रासिसोनारी -५ |
| २ | श्री पलबहादुर खत्री | रासिसोनारी गाउपालिका- ९, बाँके | प्रशान्त कन्ट्रक्सन रासिसोनारी -९ |

८. स्थानीय सरकार संचालन ऐनमा भएका काम कारवाहीलाई प्रभावकारी बनाउन संघिय सरकार , प्रदेश सरकार र जिल्ला भित्रका स्थानीय तहरुसंग समन्वय, सहकार्य गर्न यस गाउपलिकाका अध्यक्ष श्री तप्तबहादुर पौडेलज्यूको संयोजकत्वमा , गाउपालिका उपाध्यक्ष र ९ वटा वडा अध्यक्ष सदस्य र प्रमुख प्रशासकीय अधिकृत सदस्य -सचिव रहेको अन्तर तह समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

९.उधम बिकास शाखामा कार्यरत सहजकर्ताले स्वैच्छिक राजिनामा दिई पद रिक्त भएकोले उक्त कार्यक्रम संचालन गर्न कठिनाइ हुने हुदा चौथो तहको एक जना सहजकर्ता कार्यक्रमको निर्देशिका अनुसार बिज्ञापन गरि पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने गरियो ।

**१०. निर्णय नं. क)** यस राप्ती सोनारी गाउँलिका वडा नं.४ राजपुर निवासी दिले कामीको छोरा वर्ष ५८ ढाँकि कामीले राप्ती सोनारी गाउँपालिका वडा नं. ४ कुम्भर गाउँ निवासी दल बहादुर चौधरीको छोरा बर्ष अं.६० को जीत बहादुर चौधरी बिरुद्ध कि.नं.१२७ सार्वजनिक बाटोको जग्गामा निर्माण गरेको घर भत्काई बाटोको जग्गाबाट अतिक्रमण हटाई खिचोला मिटाई सार्वजनिक बाटोका रुपमा चलन चलाई पाउँ भनि दिएको मुद्दा उपर बाँके जिल्ला अदालतबाट मिति २०८०/०२/२२गते बादी ढाँकि कामीको पक्षमा फैसला भइ आएकोमा प्रतीवादी जित बहादुर चौधरीलाई चित्त नबुझी मिति २०८०/०७/१५ मा उच्च अदालत तुलसीपुर नेपालगंज इजलासमा पुनरावेदन दर्ता गरेकोमा उच्च अदालत तुलसीपुर नेपालगंज इजलासले पनि जिल्ला अदालतकै फैसलालाई मिति २०८१/०२/३० गतेको फैसला जमोजिम सदर गरी उक्त कि.नं.१२७ को सार्वजनिक जग्गा लाई कब्जा खिचोला हटाई सार्वजनिक रुपमा संरक्षण गर्नु गराउनु भनि प.सं. ०८०/०८१ च.नं. ०८१-७४-०००३०० मिति २०८१/०४/०८ गतेको पत्रअनुसार जानकारी भएबमोजिम उक्त जग्गालाई अदालतको फैसला वमोजिम कि.नं. १२७ को पुरै जग्गालाई जित वहादुर लगाएत उनका भाईहरुबाट कब्जा खिचोला हटाई मिटाई सार्वजनिक जग्गाकै रुपमा संरक्षण गर्ने निर्णय गरियो ।

निर्णय नं.ख) -यस रासी सोनारी गाउँलिका वडा नं.९ ढकेरी निवासी परनु थारुको छोरा वर्ष ४५को सोहनलाल थारु-१ ऐ.ऐ. बस्ने खेम बहादुर पौडेलको छोरा बर्ष ४१ को सुर्य बहादुर पौडेल-१ऐ.ऐ. बस्ने धर्म शाहको छोरा बर्ष ४३ को बल बहादुर शाह -१ ऐ.ऐ.बस्ने नंन्द बहादुर खत्रीको छोरा वर्ष ४९ अल बहादुर खत्रीले रासी सोनारी गाउँपालिका वडा नं.९ ढकेरी निवासी नारायण प्रसाद रेग्मीको छोरा बर्ष ६० का केवल प्रसाद रेग्मी-१ ऐ.ऐ. बस्ने लोक बहादुर रेग्मीको छोरा बर्ष ३० का कुमार रेग्मी-१ बर्ष ३३ का भुपेन्द्र रेग्मी -१ रासी सोनारी गाउँपालिकाको कार्यालय अगैया बाँके -१ रासी सोनारी गाउँपालिका वडा नं. ९ का का.वा. वडा अध्यक्ष पुर्ण बहादुर वली -१ का विरुद्द रासी सोनारी गाउँपालिका वडा नं. ९ ढकेरीको कि.नं.१को जग्गा बालाको नाममा श्री ५ को सरकार कि.नं.३ को जग्गामा खोल्सी भनि फिल्डबुकमा जनिएको सार्वजनिक जग्गामा निर्माण गरेको घर भत्काई सार्वजनिक जग्गा अतिक्रमण हटाई खिचोला मिटाई सार्वजनिक जग्गाकै रुपमा चलन चलाई पाउँ भनि दिएको मुद्दा उपर बाँकि जिल्ला अदालतबाट मिति २०७९/११/०२ गतेमाथि उल्लेखित बादीहरुको पक्षमा फैसला भइ आएकोमा प्रतीवादी माथी उल्लेखित व्यक्तीहरु बाट उक्त कि.नं.१र कि.नं. ३ को सार्वजनिक जग्गा लाई कब्जा खिचोला हटाई मिटाई सार्वजनिक रुपमा संरक्षण गर्नु गराउनु भनि प.सं. ०७९/०८० च.नं. १८३३१ मिति २०८०/०३/०४ गतेको पत्रअनुसार जानकारी भएबमोजिम उक्त जग्गालाई अदालतको फैसला बमोजिम कि.नं. १ र ३ को पुरै जग्गा माथि उल्लेखित प्रतिवादीहरुबाट कब्जा खिचोला हटाई मिटाई सार्वजनिक जग्गाकै रुपमा संरक्षण गर्ने निर्णय गरियो ।

११. रासिसोनारी गाउपालिकाको बन ऐन २०७८ संशोधन गर्न सैदान्तिक सहमति दिने निर्णय गरियो ।सोको लागि आवश्यक पर्ने समिति गठनको व्यवस्थापन गर्न गाउपालिका अध्यक्षज ज्युलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१२. गाउपालिका भित्र बर्षातको समयमा विपदमा परि राहतको लागि प्रक्रियागतरुपमा पेश भएका देहायका सबै गाउँपालिका भित्रका नागरिकलाई वितरण भएको प्रति घर १० हजार राहत रकम अनुमोदन गर्ने र थप प्रक्रियागत रुपमा राहत माग भएका सबै स्थानीय वडा वासिहरुलाई सोही दरमा राहत वितरण गर्ने र अघिल्लो आर्थिक बर्षमा राहत वितरण गरेका नामावली सार्वजनिक गर्ने निर्णय गरियो ।

राहत रकम भुक्तानी हुनु पर्ने घरधुरी/परिवार/व्यक्तिको नामावली

| | | | |
|---|---|---|---|
| १ | सन्तोष बुढा मगर | रा.सो. ५ | ०८१/४/१ |
| २ | सुन कुमारी वि.क. | रा.सो. ५ | ०८१/४/१ |
| ३ | सिता कामी | रा.सो. ५ | ०८१/४/१ |
| ४ | विमला वैश्य | रा.सो. ५ | ०८१/४/१ |
| ५ | आरती वैश्य | रा.सो. ५ | ०८१/४/१ |
| ६ | मेघराज उपाध्याय (मृतकको नाम निमा कुमारी उपाध्याय) | रा.सो. २ | ०८१/३/२५ |
| ७ | तिलक बहादुर वि.क (मृतकको नाम सम्झना देबी वि.क) | रा.सो. २ | ०८१/३/२५ |
| ८ | गुरु प्रसाद थारु | रा.सो. २ | ०८१/४/१७ |
| ९ | इदरिस अलि साई | रा.सो. ७ | २०८१/३/६ |
| १० | रिसमानी थारु | रा.सो. ७ | २०८१/३/२० |
| ११ | चन्द्र कुमारी भण्डारी | रा.सो. २ | २०८१/३/५ |
| १२ | लक्ष्मी के.सी | रा.सो.९ | २०८१/३/६ |
| १३ | मनसरी खत्री | रा.सो.९ | २०८१/२/१९ |
| १४ | हेम बहादुर खत्री | रा.सो.९ | २०८१/२/१९ |
| १५ | हरिकला खड्का | रा.सो.९ | २०८१/३/६ |

| | | | |
|---|---|---|---|
| १६ | राम बहादुर वली | रा.सो.९ | २०८१/३/५ |
| १७ | पदमी कामी | रा.सो.९ | २०८१/२/७ |
| १८ | प्रतिक्षा बुढा | रा.सो.९ | २०८१/२/१९ |
| १९ | कृष्णा वली के.सी | रा.सो.९ | २०८१/३/५ |
| २० | विपना वली डाँगी | रा.सो.९ | २०८१/३/५ |
| २१ | चन्द्र बहादुर खत्री | रा.सो.९ | २०८१/३/५ |
| २२ | पत्रसिंह के.सी | रा.सो.९ | २०८१/२/१९ |
| २३ | त्रिभान खड्का | रा.सो.९ | २०८१/३/५ |
| २४ | सुरेन्द्र बहादुर विष्ट | रा.सो.९ | २०८१/३/५ |
| २५ | भिमसरा वली डाँगी | रा.सो.-९ | २०८१/३/५ |
| २६ | वेरु थारु | रा.सो.-९ | २०८१/२/८ |
| २७ | चुडा बहादुर वली | रा.सो.-९ | २०८१/२/१९ |
| २८ | दिपेन्द्र थारु | रा.सो.-९ | २०८१/३/२६ |
| २९ | शोभा कुमारी थारु | रा.सो.-९ | २०८१/३/२६ |
| ३० | प्रकाश थारु | रा सो -२ | |
| ३१ | आशाराम थारु | रा.सो- २ | |
| ३२ | नेब बहादुर डाँगी | रासो.-२ | २०८१/३/५ हावाहुरी |
| ३३ | तिलक खत्री | रा.सो. ८ | २०८१/२/१३ चटयांग मा मृत्यु भएको किरिया खर्चसमेत थप गरि |

माथि उल्लेखित चटयाङ लागि मृतकका घर परिवारलाई थप रु २५ हजार किरिया खर्च बापत राहत उपलव्ध गराउने ।

राहत रकम भुक्तानी भैसकेका परिवार /व्यक्ति /घरधुरीको नामावली विवरण

| क्र.सं | नाम थर | ठेगाना | मिति | क्षति विवरण |
|---|---|---|---|---|
| १ | बुद्धि प्रकाश देवकोट | रा.सो. १ | २०७९/६/२७ | अविरल वर्षा कारण घर क्षति |
| २ | जोद्धि प्रसाद थारु | रा.सो. ४ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| ३ | शान्ता दमाई | रा.सो. ४ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| ४ | नोखिराम थारु | रा.सो. ३ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| ५ | पे बहादुर वली | रा.सो. ५ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| ६ | ढालु राम थारु | रा.सो. ३ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| ७ | मिरा कुमारी थारु | रा.सो. ५ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| ८ | ओम प्रकाश ओली | रा.सो. ८ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| ९ | निलम कुमारी चौधरी | रा.सो. ८ | २०८१/३/५ | हावाहुरी कारण ५ कठ्ठा जग्गामा लगाइएको ड्राइगन फ्रुट आंशिक रुपमा क्षति |
| १० | सिताराम थारु | रा.सो. ८ | २०८१/३/५ | हावाहुरी कारण वंगुर फर्म आंशिक रुपमा क्षति |
| ११ | पुने वली | रा.सो. ५ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| १२ | कल्पना गिरी | रा.सो. ५ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| १३ | करण विश्वकर्मा | रा.सो. ८ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| १४ | शिव बहादुर वली | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| १५ | गोविन्द बहादुर नकाल | रा.सो. ८ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |



दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १६ | रिना कुमारी थारु | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| १७ | अम्मर बहादुर खत्री | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको फाइवर टायल फलिएको |
| १८ | सन्तुराम थारु | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको खप्टा छाएको रुख खसिएको |
| १९ | सुकराम थारु | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टिनमा रुख खसिएको |
| २० | वाघ सिं घर्ति | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| २१ | विनिक लाल थारु | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टिनमा रुख खसिएको |
| २२ | चतुरलाल थारु | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| २३ | हिरालाल थारु | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टायल फलिएको |
| २४ | मान बहादुर थारु | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| २५ | गिता जैसी | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको टिन फलिएको |
| २६ | मोहन लाल बस्नेत | रा.सो. २ | २०८१/३/५ | हावाहुरी कारण घरको खप्टा फलिएको |
| २७ | लाल बहादुर खत्री | रा.सो. २ | २०८१/३/३ | राप्ती नदिमा डुवी मृत्यु |
| २८ | तिलक खत्री | रा.सो. ८ | २०८१/२/१३ | हावा हुरी चटयङ्ग कारण |
| २९ | भुम बहादुर खत्री | रा.सो. २ | २०८१/३/५ | हावाहुरि कारण घरको टायल फलिएको |
| ३० | अल बहादुर बुढा | रा.सो. २ | २०८१/३/५ | हावाहुरि कारण घरको फाईवर टायल फलिएको |
| ३१ | रामपति थारु | रा.सो. ३ | २०८१/३/२२ | अविरल वर्षा कारण घरमा पानी पसी क्षति भएको |
| ३२ | धर्म कुमारी थारु | रा.सो. ३ | २०८१/३/२२ | अविरल वर्षा कारण घरमा पानी पसी क्षति भएको |
| ३३ | हिरा वि.क | रा.सो. १ | २०८१/३/२२ | अविरल वर्षा कारण घरमा पानी पसी क्षति भएको |

१३. कोहलपुर आँखा अस्पताल प्रालिको अनुरोध पत्र अनुसार यस गाउपालिकाको वडा नं ८ र ९ का स्वास्थ्य संस्था र वडा कार्यालय संग समन्वय गरी निशुल्क आँखा शिविर संचालन गर्न अनुमति दिने निर्णय गरियो |साथै तिलगंगा शल्यक्रिया आँखा केन्द्रले वैजापुरमा निशुल्क शल्यक्रिया सेवा संचालन गर्ने बिषयको यो बैठकमा जानकारी भयो |

१४.कारितास नेपाल र यस गाउँपालिकाको साझेदारीमा राप्ती नदीक्षेत्र वडा नं ७ को खल्ला झगडियामा जैविक तटवन्धन निर्माणको लागि लाग्ने खर्च ४ लाख ५० हजारनगद वा सो बराबरको जिन्सी सामानको लागि बजेट व्यवस्था गरी आयोजना सम्झौता गर्ने निर्णय गरियो |

१५. जिल्ला भित्र रहेका सघिय र प्रदेश कार्यालयबाट प्रदान हुने सेवा प्रवाह र विकास निर्माण कार्यलाई प्रभावकारी वनाउने, असल सिकाइ आदान प्रदान गर्ने , चालु आवका कार्यक्रम समयमै शुरुवात गर्न सहजीकरण गरि जनमुखी सेवा प्रदान गर्ने उद्देश्यले यो भाद्र महिना भित्र अन्तर निकाय तथा अन्तर तह समन्वय बैठकको ब्यबस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो |

१६. चालु आवको लागि नेपाल सरकार समपुरक अनुदान अन्तर्गत कचनापुर पक्कि बाटो निर्माणको लागत अनुमान स्विकृत गर्ने र सोको बोलपत्र आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो |

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत



राप्ती सोनारी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया,बाँके
लुम्बिनी प्रदेश,नेपाल

१७. घरको मापदण्ड कार्यन्वयनको लागि २०८१ भाद्र देखि पौष मसान्त भित्र अभिलेखीकरण गर्नको लागि म्याद थप गर्ने र सोको सार्बजनिक सुचना जारी गर्ने निर्णय गरियो ।

१८. यस चालु आव २०८१/०८२ को नियमानुसार विज्ञापन कर लगाउने निर्णय गरियो।

१९. यस गाउँपालिकाको वडा नं ७ मा रहेको दिप प्रकाश मावी लालपुरको पत्रानुसार उक्त विधालयको भौतिक पूर्वाधार तथा फर्निचर व्यवस्थापनको लागि भारतीय राजदुतावासमा माग गर्न सिफारिस गर्ने र सो विधालयको लागि बजेट बिनियोजन भई आएमा लागत साझेदारीको लागि चाहिने बजेटको अंश व्यहोर्ने प्रतिवद्धता सहित निर्णय गरियो ।

२०. गाउपालिकाको न्यायिक समितिबाट सम्पादन हुने कार्यमा सहजीकरण गर्न, गाउपालिकाको नाममा पर्ने मुद्दा मामिला र तर्जुमा लगायतका कानूनी कुरामा सहजीकरण गर्न नियमानुसार कानूनी परामर्शदातालाई परामर्श सेवामा खरिद गर्ने र आदिवासी जनजाति युवामहासंघ जिल्ला समिति बाँकेको मिति २०८१/४/१२ को अनुरोध पत्र अनुसार विश्व आदिवासी दिवस मनाउन १० हजार दिवसकार्यक्रम वा मिल्दो शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

२१. गाउपालिका भित्रका सार्वजनिक सम्पतिको संरक्षण गर्ने दायित्व सबैको हुने भएकोले गाउपालिकाभित्रका सार्वजनिक जग्गा , पाटी, पौवा ,धर्मशाला , तालतलैया ,सार्वजनिक भवन अतिक्रमण नगर्न, शान्ति सुरक्षामा खलल हुने काम नगर्न गाउँपालिका भित्रका कृयाशील सम्पूर्ण राजनैतिक दल र आम नागरिकलाई अनुरोध गर्ने गरि सार्वजनिक सुचना जारी तथा पत्राचार गर्ने निर्णय गरियो ।

२२.यस गाउपालिकामा चालु आर्थिक वर्ष २०८१/२०८२ मा देहायका कार्यक्रम संचालन गर्नको लागि बजेट बिनियोजन गरि दिन घरेलु तथा साना उधोग प्रवर्धन केन्द्र त्रिपुरेश्वर काठमाण्डौमा माग (अनुरोध) गर्ने निर्णय गरियो ।

| कार्यक्रमको नाम | माग गरिएको बजेट रु. | कैफियत |
| --- | --- | --- |
| वल्ब बनाउने तालिम | ७ लाख | गापालिकाले निर्णय गरेको स्थानमा संचालन गर्ने |
| जुत्ता ,चप्पल ,दुना टपरी बनाउने तालिम | ७ लाख | गापालिकाले निर्णय गरेको स्थानमा संचालन गर्ने |
| अचार बनाउने तालिम | ३ लाख | गापालिकाले निर्णय गरेको स्थानमा संचालन गर्ने |
| परम्परागत सिप सिकाउने तालिम | ५ लाख | गापालिकाले निर्णय गरेको स्थानमा संचालन गर्ने |

२३. यस गाउपालिकाबाट नेपाल पर्यटन बोर्ड भृकुटीमण्डप काठमाण्डौमा माग गरेका आयोजना तथा कार्यक्रमका बारेमा यो बैठकमा जाकारी भयो ।यसका साथै गाउपालिकाको औधोगीकग्राम स्थलको नियमानुसार वातावरणीय प्रवाभ मुल्यांकन गरि कार्य प्रक्रिया शुरु गर्ने निर्णय गरियो ।

२४. गाउपालिकाको विभिन्न स्थानमा सुरक्षा तथा सडक दुर्घटनाका दृष्टिले सम्बेदनशील देखिएका स्थानहरुमा बजेट व्यवस्थापन गरी सिसि क्यामेर जडानको व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

गाउपालिकाका अध्यक्ष ज्युको निर्देशन अनुसार अर्को बैठकको आदेश नहुन्जेल सम्मको लागि यो बैठक समापन गरियो ।

दान बहादुर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



नरैनापुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अगैया, बाँके
लुम्बिनी प्रदेश, नेपाल

म.ले.प.फारम नं: २२१
साबिकको फारम नं:१८

# राप्ती सोनारी गाउँपालिका

## अगैया, बाँके

## आ.व. २०८०/०८१ को भुक्तानी दिन बाँकीको कच्चाबारी

बजेट उपशीर्षक नं: राप्ती सोनारी गाउँपालिका, चालु खर्च ( निर्णय नं ४ को ३ सँग सम्बन्धित २०८१/४/३२ को कार्यपालिका बैठक अनुसार )

आर्थिक बर्ष :- २०८०/०८१

| क्र.स. | दायित्व सृजना भएको मिति | कारोबार संकेत नं* | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| १ | २०८१/०३/२४ | | चालु | गरिव तथा जेहन्दार बिद्यार्थीलाई छात्रबृति | छात्रबृति | ने.ग. हेल्थ क्याम्पस, भेरी प्राविधिक शिक्षालय, बागेश्वर हेल्थ कलेज | ५०००००. | फाईल ढिला आएको | |
| २ | २०८१/०३/२६ | | चालु | स्वास्थ्य कर्मचारी तलब | तलब | मित्र प्रसाद थारु | ४३२४६. | फाईल ढिला आएको | |
| ३ | २०८१/०३/२७ | | चालु | स्वास्थ्य कर्मचारीहरुको बिमा | बिमा | ४२ जना कर्मचारीको | १६८००. | फाईल ढिला आएको | |
| ४ | २०८१/०३/२७ | | चालु | वडा नं. ८ को रेडक्रस भवन र प्रहरी भवन IEE प्रतिवेदन | | मानव इन्जीनियड्ग कन्सल्टेन्सी प्रा.लि. | ५९८९००. | फाईल ढिला आएको | |
| ५ | २०८१/०३/२७ | | चालु | पोषण तथा खाध्य सुरक्षा रणनीतिक योजना निर्माण | | फियान नेपाल, बाँके | ५९५०००. | फाईल ढिला आएको | |
| ६ | २०८१/०३/२८ | | चालु | शाखा नहर निर्माण-7 | | नवदुर्गा सिंचाई उपभोक्ता समिति | ४०००००. | फाईल ढिला आएको | |
| ७ | २०८१/०३/२८ | | चालु | पारिश्रमिक (सामुदायिक सिकाई केन्द्र, बैजापुर) | त.भ. | सुभला कुमारी चौधरी (फाल्गुन देखि असार सम्म) | ४५६६७. | फाईल ढिला आएको | |
| ८ | २०८१/०३/२८ | | चालु | साना सिंचाई कार्यक्रम (मोटर खरिद) | | आदित्य ट्रेडिङ्ग हाउस | २२९०२०८. | अनुदान ट्रान्सफर नभएको/ रकम अपुग | कृषि |
| ९ | २०८१/०३/२८ | | चालु | DPR चेक जाँच पारीश्रमीक | | श्री सुवर्ण पाण्डे | २००००. | अन्तिम चेकजाँच प्रमाणीत पुरा नभएको | |
| | | | | | | जम्मा | ४५०९८२१. | | |

म.ले.प.फारम नं: २२१
साबिकको फारम नं:१८

# राप्ती सोनारी गाउँपालिका

## अगैया, बाँके

## आ.व. २०८०/०८१ को भुक्तानी दिन बाँकीको कच्चाबारी

बजेट उपशीर्षक नं: राप्ती सोनारी गाउँपालिका, पूंजिगत खर्च तर्फ — निर्णय नं ४ को ३ सँग सम्बन्धित — २०८१/४/३२ को कार्यपालिका बैठक अनुसार — आर्थिक बर्ष :- २०८०/०८१

| क्र.स. | दायित्व सृजना भएको मिति | कारोबार संकेत नं* | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | |
| १ | २०८१/०३/२४ | | पुँजीगत | महादेवपुरी स्वास्थ्यचौकी प्रसुती गृह तला थप- 9 | प्रसुती गृह तला थप- 9 | शिवमन्दिर टोल विकास संस्था, राप्ती सोनारी-९, बाँके | ९७००००. | फाईल ढिला आएको | |
| २ | २०८१/०३/२४ | | पुँजीगत | शिव मन्दिर निर्माण- 7 | शिव मन्दिर निर्माण | शिव मन्दिर संरक्षण समिति, राप्ती सोनारी-७, बाँके | २१४४७९. | फाईल ढिला आएको | |
| ३ | २०८१/०३/२४ | | पुँजीगत | राप्ती सोनारी खानेपानी व्यवस्थापन कार्यक्रम वडा नं. ५ | खानेपानी भवन निर्माण | खानेपानी तथा सरसफाई उपभोक्ता समिति, राप्ती सोनारी-५, बाँके | ९००४०१. | फाईल ढिला आएको | |
| ४ | २०८१/०३/२४ | | पुँजीगत | पशु उपचार स्थल निर्माण तथा सञ्चालन | पशु उपचार स्थल निर्माण | पशु उपचार स्थल निर्माण तथा सञ्चालन उ.स., रा.सो.-४, बाँके | ५९१५३४. | फाईल ढिला आएको | |
| ५ | २०८१/०३/२५ | | पुँजीगत | होमस्टे बोरिंग जडान- 9 | बोरिंग जडान | वारविघा टोल विकास संस्था, राप्ती सोनारी-९, बाँके | १०१८५००. | फाईल ढिला आएको | |
| ६ | २०८१/०३/२५ | | पुँजीगत | बैशा पिकनिक पार्क तारबार-३ | तारबार | ए.के. कन्स्ट्रक्सन | १५२०००. | फाईल ढिला आएको | |
| ७ | २०८१/०३/२५ | | पुँजीगत | लक्ष्मी मा.वि. छात्रबास निर्माण | छात्रबास निर्माण | भुवर भवानी निर्माण सेवा | ३०००००. | फाईल ढिला आएको | |
| ८ | २०८१/०३/२६ | | पुँजीगत | वडा नं. ४ रिङ्गरोडको DPR | रिङ्गरोडको DPR | दंगीसरण कर्न्सर्ट प्रा.लि., तुलसीपुर-५, दाङ्ग | ११९२३००. | फाईल ढिला आएको | |
| ९ | २०८१/०३/२६ | | पुँजीगत | पर्खाल निर्माण प्रहरी कार्यालय धामपुर | पर्खाल निर्माण | एस.पि. निर्माण सेवा, ने.ग. | ४७७०००. | फाईल ढिला आएको | |
| १० | २०८१/०३/२६ | | पुँजीगत | वडा नं. ५ को बनौरे खोला पुल DPR | पुलको DPR | वनडिग्रि इन्जिनियरिङ्ग, काठमाण्डौ | ८३३९४०. | फाईल ढिला आएको | |
| ११ | २०८१/०३/२६ | | पुँजीगत | वडा नं. ७ को विभिन्न बाटोको DPR | बाटोको DPR | मुनाल कन्सल्टेन्ट प्रा.लि., काठमाण्डौ | ५८५९०५. | फाईल ढिला आएको | |
| १२ | २०८१/०३/२६ | | पुँजीगत | वडा नं ३ को रिंगरोडको DPR | बाटोको DPR | ईलाइट आउट सोर्स प्रा.लि., चुचेपाटि, काठमाण्डौं | ४९६१८३. | फाईल ढिला आएको | |
| १३ | २०८१/०३/२६ | | पुँजीगत | सिघैया नाला पुल DPR- 7 | पुल DPR | Enciarc Consulting Solution Pvt. Lalitpur | ८२६५९५. | फाईल ढिला आएको | |
| | | | | | | जम्मा | ८५५८८३७. | | |

उपरोक्त ब्यहोरा ठीक छ भनी

तयार गर्नेको सही:

लेखा प्रमुखको सही:
मिति:

कार्यालय प्रमुखको सही:
मिति:

दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीत गर्ने आ.ले.प.शाखा प्रमुखको सहि:
मिति: